# नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## दल्ली, जाजरकोट

कर्णाली प्रदेश नेपाल

ईमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०८०/०८१

मिति :- २०८०।०७।१९

चलानी नं.:-

**प्रेश विज्ञप्ती**

मिति २०८०।०७।१७ गते राती ११:४७ बजे जाजरकोट जिल्लाको रामिडाँडालाई केन्दविन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको भुकुम्पमा परी ज्यान गुमाएका नलगाड नगरपालिकाका नगर उपप्रमुख सरिता सिंह लगायत ५४ जना मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना तथा मृतकका परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं । यस दुःखद घडिमा सम्पुर्ण नगरबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाई राहत तथा उद्दार कार्यमा आ-आफ्नो ठाउँबाट खटिनुहुन अनुरोध गर्दछौं । यतिबेला नलगाड नगरपालिका जाजरकोट शोकमा डुबेको छ भने नगरवासीहरुको मन विक्षिप्त भएको छ । तसर्थ मिति २०८०।०७।१९ गते नगर कार्यपालिकाको आपतकालिन बैठक बसी देहाय बमोजिमका निर्णय गरेका छौ ।

१. यस नलगाड नगरपालिका नगर उपप्रमुख सरिता सिंह लगायत ५४ जना मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै मृतकको सम्मानमा मिति २०८०।०७।१९ गते देखि २१ गतेसम्म यस नलगाड नगरपालिका कार्यालयहरुमा राष्ट्रिय झण्डा आधा झुकाइ शोक मनाउने र सो दिनहरुमा स्वास्थ्य सेवा बाहेक अन्य कार्यालयहरुमा सार्वजनिक विदा दिने ।

२. भुकुम्पमा परी घाईते भएकाहरुको उपचार प्राथमिक अस्पातल दल्ली जाजरकोटमा उपचार हुदैगरेको र घाईते तथा मृतकहरु थप भेटिनसक्ने भएकाले खोजतलास, उद्धार तथा उपचारको कार्यलाई निरन्तरता जारी राखिएको छ ।

३. भुकुम्पबाट मृत्यु भएका घर-परिवारलाई प्रति घरपरिवार रु.१० हजारका दरले क्रिया खर्च वापत आर्थिक सहायता प्रदान गरिनेछ ।

४. अझै पनि भुकुम्पका पराकम्पनहरु आउन सक्ने भएकोले भयरहित भइ सुरक्षित स्थानहरुमा रहनु होला । साथै भुकुम्पले यस नगरपालिकाका प्रभावित वडाहरुमा ९० प्रतिशत सम्म घरहरु पूर्ण तथा आंशिक रुपमा क्षतिग्रस अवस्थामा रहेकोले नजिकैको वडा कार्यालय, विद्यालय लगायत सार्वजनिक खुला ठाउँहरुमा रहनु होला ।

बलविर वि.क.
नि.प्रमुख प्रशासकिय अधिकृत

डुम्बर बहादुर रावत
नगर प्रमुख

५. यस नगरपालिकाका भुकुम्प पिडितलाई राहत वितरण गर्न चाहने दातृ निकाय र संघसंस्थाहरुलाई सहयोगको लागि आह्वान गर्ने साथै नलगाड नगरपालिका र यस नलगाड नगरपालिकाको विपद् व्यबस्थापन समितिको समन्वयमा एकद्धार प्रणाली मार्फत राहत वितरण तथा पुनः स्थापना कार्य गर्ने । साथै आर्थिक सहयोग गर्न चाहने सहयोगी मनहरुमा यस नलगाड नगरपालिकाको **ग-७-२ नलगाड नगरपालिका स्थानीय तह प्रकोप व्यबस्थापन कोष खाता नं N५CA०५२२३९५५२४०६** जसको लागि ९७४२२३६३३५, ९८४८१३६०६८, ९८६६२२१६७२, ९८६३१३९५८८ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

अन्यतमा भुकुम्पमा परी मृत्यु तथा घाईते भएका सम्पुर्ण व्यक्तिहरुको उद्धार तथा उपचार कार्यमा खटिनुहुने सुरक्षाकर्मि, स्वास्थ्य कर्मि, जनप्रतिनिधि, राजनितिक दल, पत्रकार, युवा तथा समाजसेवी र नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल, उपप्रधान तथा रक्षा मन्त्री मा. पुर्ण बहादुर खड्का, उर्जा तथा जलश्रोत मन्त्री मा. शक्ति बहादुर बस्नेत, पूर्व अर्थमन्त्री मा. जनार्दन शर्मा, प्रतिनिधिसभा सदस्य मा. मैना कार्कि रावल, प्रतिनिधि सभा सदस्य मा. महेन्द्र बहादुर शाही, पुर्व वन तथा वातावरण मन्त्री मातृका प्रसाद यादब, कर्णाली प्रदेशका मुख्यमन्त्री मा. राजकुमार शर्मा, आर्थिक मामिला तथा योजना मन्त्री मा. वेदराज सिंह, प्रदेश सभा सदस्य मा. जीबन बहादुर शाही, प्रदेश सभा सदस्य मा. राजीव विक्रम शाह, पुर्व जलश्रोत तथा उर्जा मन्त्री गणेश प्रसाद सिंह, पुर्व भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्री विमला के. सी., वनगाड कुपिण्डे नगरपालिका सल्याणका नगर प्रमुख कर्णजित बुढाथोकी, छेडागाड नगरपालिका जाजरकोटका नगर प्रमुख रत्न बहादुर खड्का लगायत विपदमा सहयोग गर्न खटिनुहुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

..................
बलवीर वि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली जाजरकोट
कर्णाली प्रदेश नेपाल
२०७३

..................
डम्बर बहादुर रावत
(नगर प्रमुख)